परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १४ ❑ अंक ४ २०८२ श्रावण २५ आईतवार Sunday 10, AUG 2025 ❑ पृष्ठः ६, ❑ मूल्य रु. १०/-



'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल


## ६ महिनामा २२ ट्रान्सफर्मर चोरी, गिरोह नै प्रहरीको फन्दामा

विराटनगर । मोरंग, सुनसरी र झापा जिल्लाको विभिन्न सस्थानबाट ६ महिनामा २२ बटा ट्रान्सफर्मर चोरी गरेको आरोपमा चोरी गर्ने र चोरीको सामान किन्ने गरी १२ जना प्रहरीको फन्दामा परेको छ ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी महानिरीक्षक (डीआइजी) इश्वर कार्कीले मंगलवार पत्रकार सम्मेलन गरी चोरीमा संलग्न रहेको आरोपमा ७ जना र चोरीको समान किन्ने ५ जना सहित १२ जनालाई पक्राउ गरी अनुसन्धान भई रहेको वताउँदै ट्रान्सफर्मर चारीको गिरोह नै समाति सकेकोले आइन्दा ट्रान्सफर्मर चोरी नहुने दावी गरेका छन् ।

पक्राउ पर्नेमा जिल्ला मोरङ ग्रामथान गाउँपालिका-४ बस्ने वर्ष अ. ४२ को अर्जुन कुमार माझी ( चौधरी), वडा न. ५ सिमरिया टोल बस्ने वर्ष ३१ को इरज धामी, बेलबारी नगरपालिका वडा नं ४ कसेनी बस्ने वर्ष २६ को अर्जुन चौधरी, वडा नं. ३ बस्ने बर्ष २७ को रञ्जित तामाङ, दुहवी नगरपालिका वडा न. ३ लबिपुर बस्ने वर्ष ३५ को अनुज विस्वास (चौधरी र भारत घर भई हाल जिल्ला सुनसरी दुहवी नगरपालि वडा नं. ४ ससुराली घरमा बस्दै आएको वर्ष ३४ को आलम मियाँ (विहारी) रहेका छन् ।



प्रहरी नायव महानिरीक्षक (डीआइजी) इश्वर कार्की मंगलवार पत्रकार सम्मेलनमा बाल्दै । एस.एस. सुतिहार

त्यसैगरी चोरीको समान किन्नेहरु जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ३ बस्ने बर्ष ५३ को लक्ष्य प्रधान, वडा नं. ६ बस्ने बर्ष ६२ को कृष्ण गोपाल ताम्राकार, जिल्ला सुनसरी दुहबी नगरपालिका वडा नं. ३ बस्ने बर्ष ३२ को योगेश अग्रवाल, वडा नं. २ बस्ने बर्ष ३१ को कपिल भट्ट, इटहरी उपमहानगरपालिका वडा नं. ४ बस्ने बर्ष ३९ को सिताराम राई रहेका छन् ।

झापा, मोरङ र सुनसरी जिल्लाको विभिन्न स्थान हरुमा २०८१ मघ १५ गते देखि ट्रास्फर्मरहरु चोरीका भई रहको थियो । जसमध्ये मोरङमा ८ स्थान, सुनसरी मा १२ स्थान र झापा २ स्थानमा गरी २२ वटा ट्रान्सफर्मर चोरी भएको थिए । श्रावण ९ गते मोरङ रंगेली नपा ९ इटाभट्टा टोल स्थित रहेको (खानेपानि आयोजनाको ट्रान्सफर्मरको) छेउमा संकास्पद अबस्थामा २ वटा मोटरसाईकलमा आएका ३ जना मानिसहरू प्रहरी टोलीलाई देख्न साथ फरार भएको थियो ।

सोहि स्थानमा डिप बोरिङ संचालनार्थ जडान गरिएको ट्रान्सफर्मर राखेको पोलमा चढिरहेको अवस्थामा जिल्ला मोरङ ग्रामथान गा. पा. ४ बस्ने वर्ष अ. ४२ को अर्जुन कुमार

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेशको ७.६ प्रतिशतले राजश्व वृद्धि

विराटनगर । संघीयता र प्रदेश संरचनाको प्रभावकारिता माथि प्रश्न उठिरहेका बेला कोशी प्रदेश सरकारले पछिल्लो एक वर्षमा उल्लेखनीय प्रगति गरेको छ ।

पूर्वाधार निर्माण, लगानी आकर्षण, वित्तीय अनुशासन र नागरिक सेवा सुधारजस्ता क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको प्रदेश सरकारले यी पहलहरूले संरचनालाई बलियो बनाउनुका साथै विकास र समृद्धिको आधार तयार पारेको जनाएको छ ।

प्रदेश संरचना कमजोर भएको आरोप लागिरहेको समयमा कोशी प्रदेशले वित्तीय व्यवस्थापनमा आफूलाई अब्बल साबित गरेको छ । संघीय सरकारको वित्तीय प्रगति न्यून रहँदा कोशी प्रदेशले गत आर्थिक वर्षमा करिब ८१ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । मुख्यमन्त्रीका आर्थिक सल्लाहकार डा. मोहन सुवेदीका अनुसार यो प्रगतिले प्रदेश सरकारको कार्यक्षमता र सुशासन प्रतिको प्रतिबद्धता देखाउँछ ।

यसका साथै, प्रदेशले गत वर्षको तुलनामा राजस्व संकलनमा ८ प्रतिशतले वृद्धि गरेको छ । आर्थिक वातावरण लाई थप प्रोत्साहन गर्न यस वर्ष आयोजित लगानी सम्मेलन सफल भएको र १ खर्ब ५२ अर्ब रुपैयाँ बराबरका परियोजनाहरू लगानीका लागि आउने चरणमा रहेको सरकारको दाबी छ । नेपाल उद्योग वाणिज्य महासंघका कोशी प्रदेश अध्यक्ष राजेन्द्र राउतका अनुसार उद्योगहरूका लागि जग्गा रजिस्ट्रेसनमा ७५ प्रतिशत छुट दिने घोषणाले प्रदेशमा औद्योगिक वातावरण बनाएको छ र लगानीकर्तालाई आकर्षित गरेको छ ।

सीमित बजेटका बाबजुद कोशी प्रदेशले पूर्वाधार निर्माणमा उल्लेखनीय काम गरेको छ । यो एक वर्षमा ११४ किलोमिटर सडक कालोपत्रे भएको छ भने ५२ किलोमिटर नयाँ ट्र्याक खोलिएको छ । सडक ग्राभेल १५२ किलोमिटर गरिएको छ । पक्की पुल १८

वांकी अन्तिम पेजमा...







## कोशी...

वटा निर्माण हुँदा झोलुंगे पुल १६ वटा निर्माण भएको छ।

एक दर्जनभन्दा बढी प्रहरी कार्यालय भवन निर्माण तथा मर्मत गरेको छ। यो आँकडाले प्रदेश सरकारको कार्यान्वयन क्षमतालाई पुष्टि गरेको छ। कोशी प्रदेश सरकारले पर्यटनलाई समृद्धिको मुख्य आधार मान्दै केही दूरगामी महत्वका परियोजनाहरू अघि बढाएको छ।

स्विस सरकार र स्थानीय तहसँगको सहकार्यमा २ अर्ब ३५ करोडको लागतमा ४६८ किलोमिटर लामो पर्यटकीय पदमार्ग निर्माण सुरु गरिएको छ। यो ५ वर्षे परियोजना अन्तर्गत मुन्दुम, चियाबारी, लालीगुराँस र फाल्गुनन्द पदमार्ग निर्माण हुनेछन्। मुख्यमन्त्री हिक्मतकुमार कार्कीका अनुसार २०८५ सालसम्ममा सम्पन्न हुने यो परियोजनाले प्रदेशको पर्यटनमा क्रान्ति ल्याउने र बसाइँसराइ रोकेर स्थानीय आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्नेछ।

यस वर्षलाई 'पर्यटन वर्ष' घोषणा गरी भारतबाट आउने पर्यटकलाई नाकामा स्टिकर लगाएर सहजरूपमा घुम्ने वातावरण बनाइएको छ। जसले गर्दा पर्यटक आगमनमा सहजता थपिएको छ।

प्रदेश सरकारले नागरिकसँग प्रत्यक्ष जोडिने सेवाहरूमा व्यापक सुधार गरेको छ। वर्षौंदेखि लाइसेन्स पास गरेर पनि कार्ड नपाउने समस्याको अन्त्य गर्दै कर तिर्नेबित्तिकै अस्थायी लाइसेन्स दिने व्यवस्था गरिएको छ। प्रदेश सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले यातायात क्षेत्रमा बिचौलिया नियन्त्रण गरी सेवालाई सहज बनाइएको वताए।

नागरिकको विश्वास जित्ने अर्को महत्वपूर्ण कदम 'आयोजना बैंक' को सुरुवात हो। ६ महिनामै ५० हजारभन्दा बढी आयोजना बैंकमा दर्ता हुनुले प्रदेश सरकारप्रति जनताको भरोसा बढेको डा. सुवेदी वताएका छन्।

यसबाहेक, उद्यमशीलता प्रवर्द्धन गर्न 'उदय परियोजना' मार्फत ३० लाखदेखि ३ करोडसम्म बिनाधितो ऋण दिने र बैंकको ब्याज सरकारले तिरिदिने 'ब्याज अनुदान' जस्ता कार्यक्रमले युवाहरूलाई आर्थिक रूपमा सक्षम बनाउन मद्दत पुगेको छ। सामाजिक न्यायतर्फ बालविवाह मुक्त प्रदेश अभियान र मुसहर समुदायका लागि 'सक्षम छोरी' कार्यक्रम जस्ता पहलले सीमान्तकृत समुदायलाई माथि उठाउन टेवा पुऱ्याएको छ।

समग्रमा, कोशी प्रदेश सरकारले यी बहुआयामिक पहलहरूमार्फत संघीयता को औचित्य पुष्टि गर्दै प्रदेशको समृद्धि र विकास को बलियो जग बसाल्ने प्रयास गरिरहेको देखिन्छ।

## ६ महिना...

थारु लाई प्रहरीले नियन्त्रणमा लिन सफल भएको थिए।

प्रादेशिक अपराध अनुसन्धान समुह विराटनगर कोशी प्रदेशको नेतृत्वमा सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरु समेतबाट गरि सादा पोशाकमा ३५ जना भन्दा बढि प्रहरी टोली परिचलित गरी अनुसन्धान गरिएको थियो।

ट्रान्सफर्मर चोरीगर्न प्रयोग भएको औजारहरूमा बिभिन्न साइजका डायल रेन्च थान २२, सलाई रेन्चव थान ३, पिलास थान ३, पेचकस थान ३, छिनो थान १, साडली थान १. कैची थान १, ह्याक्सो बिलेट थान ३, खन्ती थान १, त्इत्बि लेखिएको व्याट्री सहितको इलेकट्रिक ग्रेन्डर सहितको सेट थान १ र झम्पल थान-१ बरामद भएको छ।

त्यसैगरी प्रदेश १-०२-०५० प ७०९५ नम्बरको रातो सेतो रंगको हिरो कम्पनीको मोटरसाईकल, प्रदेश १-०२-०५६ प ५५८० नम्बरको मोटरसाइकल्क को.२.प ९२९० नम्वरको मोटरसाइकल, प्रदेश १-०२-०५० प ३०४९ नम्वरको मोटरसाइकल, को २९ प ४५४४ को सहित मोटरसाईकल, को १ च ७७२९ नं. को सेतो रंगको पिकअप गाडी सहित १२ थान मोवाईन बरामद भएका थिए।

सुनसरी इटहरी उपमनपा वडा नं. १४ स्थित इरज धामीको डेरा कोठा भित्र रहेको रातो प्लाष्टिको बोरा भित्रबाट ७ के.जि. तामाको तार, लक्ष्य प्रधानले संचालन गरेको कवाडी पसलबाट ५२० ग्राम तामाको तार, जिल्ला सुनसरी इटहरी उपमहानगर पालिका वडा नं. ४ बस्ने बर्ष ३९ को सिताराम राईको भाडा पसलबाट ४७ के.जि. तामाको तार, मोरङ बुढिगंगा गापा ३ स्थित बिनय शाहको क्व मेटल फ्याट्रिबाट ११५ के.जि. तामाको तार, मोरङ बिराटनगर मनपा वडा नं. ६ बस्ने बर्ष ४४ को अजय कुमार साहले संचालन गरेको दुर्गा भाडा पसलबाट ६२ के.जि. तामाको तार, कृष्ण गोपाल ताम्राकारले संचालन गरेको मनकामना मेटल्स एण्ड सप्लायर्स बाट १७ के.जि. तामाको तार, इटहरीमा दिलिप चौधरीले संचालन गर्दै आएको दिलिप कबाडीबाट १२० के. जि. तामाको तार गरी जम्मा: ३६८.५ के.जि. तार समाते बरामद भएको डिआइजी कार्कीले वताए। अन्दाजी २ करोड बराबरको क्षती भएको प्रारम्भीक अनुमान गरिएको छ। २ करोडको सम्पत्ती २ लाखमा विक्री गरेको डिआजीले जानकारी गराएका थिए।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफालाइटिस जस्ता संक्रमक रोग लाग्न सक्दछ।
त्यसैले लामखुट्टेको टोकाईबाट बच्न :
- घर वरिपरी पानी जम्न नदिआं,
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा राखौं,
- पुरा बाहुला भएका कपडा लगाऔं,
- सुत्दा झुल लगाएर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।
'लामखुट्टेकाईबाट बचौ र बचाहौ'

नेपाल सरकार, विज्ञापन बोर्ड

भर्ना खुल्यो
प्रदेश नं. १ मा
भौतिक पुर्वाधारले सम्पन्न तथा निजी क्षेत्रको अग्रणी कलेज
विराट हेल्थ कलेजमा
HA (General Medicine)
D. Pharmacy
Lab Technician
Radiography
PCL Nursing
फारम भर्ने अन्तिम मिति
२०८२ श्रावण २५ गते सम्म
सम्पर्क:
विराट हेल्थ कलेज, विराटनगर
Website : www.birathealthcollege.edu.np
Email : birathealthcollege2020@gmail.com
०२१-४२२९७३, ४२२९७४, मो.९८४२०४५०४०

Affiliated to CTEVT
GOLDEN PARK COLLEGE
Biratnagar-3, Bargachhi | Estd: 2066 B.S.
CTEVT द्वारा सम्बन्ध प्राप्त
३ बर्षे कोर्षहरु:
ADMISSION OPEN
Engineering
Diploma in Civil Engineering
Diploma in Computer Engineering (IT)
Diploma in Electrical & Electronics Engineering
Health
General Medicine (H.A)
Lab Technician (CMLT)
Diploma in Pharmacy
Diploma in Radiography



Online फारम भर्ने अन्तिम मिति: २०८२ श्रावण २६ गते सम्म
For more info.
9852024616, 9842050416, 021-464344
gpcbiratnagar@gmail.com
APPLY NOW
Scan for Info

भर्ना खुल्यो !
SEE/SLC उतिर्णहरुको लागि
स्वास्थ्य प्राविधिक विषयहरू (३ बर्षे)
- डिप्लोमा इन फिजियोथेरापी
- मेडिकल ल्याब टेक्नोलोजी (CMLT)
- सामान्य चिकित्सा (HA)
- डिप्लोमा इन फार्मेसी (DPH)
- पि. सि. एल. नर्सिङ (Staff Nurse)
Online फारम भर्ने अन्तिम मिति: २०८२ श्रावण २६ गते सम्म
"SEE/SLC उत्तीर्ण गरी न्यूनतम औसत GPA २ प्राप्त गरेका विद्यार्थीहरूले Online वा कलेजमा आएर फारम भर्न सक्नुहुन्छ।"
Online फारम भर्नको लागी दिईएको QR Scan गर्नुहोला ।
थप जानकारीको लागी
कोशी हेल्थ ईन्स्टिच्युट
तिनपैनी, विराटनगर-१, मोरङ, नेपाल | सम्पर्क नं.:- ०२१-५१२५८४, ९८५२०३१२७४


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### प्रहरीको ऐतिहासिक सफलता

कोशी प्रदेशको मोरंग, सुनसरी र झापा जिल्लामा ६ महिना २२ बटा ट्रान्सफर्मर चोरी भएकोमा चोरी गर्ने गिरोहलाई नेपाल प्रहरीले पक्राउ गरेपछि नेपाल प्रहरीको लागि ठूलो र एतिहासिक सफलता भएको छ । अब उप्रान्त ट्रान्सफर्मर चोरी नहुने कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी महानिरीक्षक ( डीआइजी) इशवर कार्कीले दावी गरेका छन् । ट्रान्सफर्मर चारीमा पाएको सफलताले चोरीमा संलग्नहरु समेत हच्किएका छन् ।

झापा, मोरङ र सुनसरी जिल्लाको विभिन्न स्थानहरुमा २०८१ माघ १५ गते देखि ट्रास्फर्मरहरु चोरीका भई रहको थियो । जसमध्ये मोरङमा ८ स्थान, सुनसरीमा १२ स्थान र झापा २ स्थानमा गरी २२ वटा ट्रान्सफर्मर चोरी भएको थिए । श्रावण ९ गते मोरङ रंगेली नपा ९ इटाभट्टा टोल स्थित रहेको (खानेपानि आयोजनाको ट्रान्सफर्मरको) छेउमा संकास्पद अबस्थामा २ वटा मोटरसाईकलमा आएका ३ जना मानिसहरू प्रहरी टोलीलाई देख्न साथ फरार भएको थियो । सोही ठाउँमा शकास्पद एकजानालाई पक्राउ गरेपछि त्यसैको आधारमा चोरीमा संलग्न ७ र चोरीको समान किन्ने ५ गरी १२ जनालाई नियन्त्रमा लिई अनुसन्धान भई रहेको छ ।

खुल्ला सिमा नाका भएको कारण लागुऔषध कारोवार प्रहरीका मुख्य चुनौती रहेको छ । नेपाल प्रहरीको कदम अव लागुऔषध नियन्त्रणमा हुनुपर्छ । लागुऔषध र अबैध समान ओसारपसारको गिरोहलाई पनि समात्न लाग्नु पर्छ । एउटा चोरलाई समाउने अर्को चोरलाई छोड्ने हो भने त्यसको कुनै औचित्य हुदैन । त्यसैले सबै किसिमको अपराधमा प्रहरीले सफलता पाउनु पर्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : **आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन** (क,कि,कु,घ,ङ,छ,के,को,ह) : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो) : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे) : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते) : पारिवारिक चिन्तालेसताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ ।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू): **आर्थिक पक्ष सवल रहेको छ । आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ ।**

**धनु** (यो,भा,भी,भू,ध,फा,ढ,भे) : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर** (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी) : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ ।**

**मीन** (दी,दु,थ,झ,ञ,दे,दो,च,ची) : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# बहुविवाहलाई वैधता पितृसत्ताको खतरनाक खेल

*बहुविवाहलाई कानूनी मान्यता दिनु भनेको महिलालाई समानता र प्रतिष्ठाको दृष्टिले हेर्नुको सट्टा पुरुषलाई बहुपत्नी राख्ने छुट दिएर महिलालाई दोहोरो जीवन जिउन बाध्य तुल्याउनु हो ।*

अम्बिका पौडेल

नेपाल सरकारले हालै बहुविवाहलाई कानूनी मान्यता दिने प्रस्ताव ल्याउने तयारी गरिरहेको छ । सरकारको यो प्रस्ताव पितृसत्तात्मक मानसिकता, लैङ्गिक विभेद र महिला अधिकारमाथिको खुला चुनौती हो ।

समानता, सामाजिक न्याय र समावेशिता नेपालको वर्तमान संविधानको मूल मर्म हो। बहुविवाहलाई वैधता दिने सरकारको यो प्रयासले महिला अधिकारलाई मात्रै कुण्ठित गर्ने छैन, यसले संविधानकै मूल मर्ममाथि प्रहार समेत गर्नेछ ।

अहिले नै बहुविवाहको सामाजिक प्रभाव भयावह छ । यसले पारिवारिक विखण्डन, महिलाको आत्मसम्मानमा आघात, मानसिक तनाव, घरेलु हिंसा, सन्तानमा भावनात्मक असर, सम्पत्तिको अन्यायपूर्ण बाँडफाँट लगायतका समस्या निम्त्याइरहेको छ ।

'महिलामैत्री' मानिएका मौजुदा कानून तथा न्यायिक संरचनालाई गहन समीक्षा गरी अझ प्रभावकारी र पीडितमैत्री बनाउनुपर्ने हो। तर यसमा 'केही' पुरुषको विवाहेत्तर सम्बन्ध र पुरुष वेश्यागमन खुला गर्न सरकारले ल्याउन लागेको यो कानूनले उसलाई अझ हिंस्रक र पितृसत्तालाई अझ घातक बनाउने पक्का छ ।

हामी अहिले पनि पुरुषप्रधान सोचले ग्रसित समाजमा बाँचिरहेका छौं, जहाँ महिला अझै पनि दोस्रो दर्जाको नागरिक ठानिन्छ। यस्तो अवस्थामा बहुविवाहलाई कानूनी मान्यता दिनु भनेको महिलामाथिको शोषणलाई संस्थागत गर्नु हो । लैङ्गिक न्याय र समानताको पक्षमा अघि बढ्नुपर्ने बेलामा सरकार उल्टै सामाजिक प्रतिगमनको बाटो रोज्दैछ ।

विवाह केवल व्यक्तिगत सम्बन्ध मात्र होइन, सामाजिक प्रतिबद्धता पनि हो । यसलाई यति सहज रूपमा 'व्यक्तिगत स्वायत्तता' को नाममा बहुविवाहमा परिणत गर्नु गम्भीर भूल हुनेछ । यो प्रस्ताव अघि बढाउनु भनेको महिलालाई पुरुषको दासत्व र लैङ्गिक असमानता स्वीकार्न जबरजस्त कोशिश हो। यस्तो गैरजिम्मेवार कानून पारित गरिएको अवस्थामा त्यसले दीर्घकाल मा सामाजिक न्याय, महिला सशक्तीकरण र समता मूलक समाजको परिकल्पना मा गम्भीर धक्का पुऱ्याउनेछ ।

### संवैधानिक र कानूनी अन्तरविरोध

बहुविवाहलाई वैध बनाउने सम्भावित कानूनी प्रस्ताव ल्याउने तयारी गरिरहेको सन्देशले संवैधानिक व्यवस्था, कानूनी मान्यता र सामाजिक न्यायमाथि गम्भीर प्रश्न खडा गरेको छ । यो प्रस्ताव न केवल महिला अधिकारको अपमान हो, बरु यो नेपालको संविधानले सुनिश्चित गरेको मौलिक अधिकारहरूसँग गहिरो अन्तरविरोधमा रहेको खतरनाक संकेत हो ।

नेपालको संविधानले राज्यले कुनै पनि नागरिक लाई लिङ्ग, जात, धर्म, भाषा वा अन्य कुनै पनि आधार वा बहानामा विभेदलाई अस्वीकार गरेको छ । साथै संविधानले मौलिक हकका रूपमा महिला अधिकारलाई विशेष रूपमा सम्बोधन गर्दै प्रत्येक महिलालाई शारीरिक, मानसिक प्रजनन, आर्थिक र सामाजिक पक्षमा समान अधिकारको प्रत्याभूत गरेको छ ।

यसो हुँदा बहुविवाहलाई कानूनी मान्यता दिनु भनेको महिलालाई समानता र प्रतिष्ठाको दृष्टिले हेर्नुको सट्टा पुरुषलाई बहुपत्नी राख्ने छुट दिएर महिलालाई दोहोरो जीवन जिउन बाध्य तुल्याउनु हो। यसले महिलालाई दोस्रो विकल्प बनाउने संरचना कानूनी रूपमै संस्थागत गर्न खोजिएको देखिन्छ । यो प्रस्ताव संविधानको मूल मर्मसँग प्रत्यक्ष बाझिएको छ ।

बहुविवाह जस्तो लैङ्गिक असमानता झल्काउने अभ्यास लाई वैधता दिनु भनेको नेपालको अन्तर्राष्ट्रिय प्रति बद्धताको समेत उल्लङ्घन हो ।

नेपालको मुलुकी फौजदारी संहिता, २०७४ अन्तर्गत बहुविवाह स्पष्ट रूपमा अपराध हो। संहिताको दफा १७५ ले बहुविवाह गर्नेलाई कारबाहीको दायरामा ल्याएको छ ।

अब यही कानूनलाई उल्ट्याएर बहुविवाहलाई वैध बनाउने प्रयास गर्नु महिलाको अधिकारको रक्षा, वैवाहिक निष्ठाको संरक्षण र पारिवारिक स्थायित्वलाई मेटाउन खोज्नु हो ।

नेपालको सर्वोच्च अदालतले पनि बहुविवाह विरुद्ध ऐतिहासिक फैसलाहरू दिंदै आएको छ। सर्वोच्च अदालतले बहुविवाहलाई लैङ्गिक असमानता, मानसिक हिंसा र सामाजिक अन्यायको स्वरूपका रूपमा व्याख्या गर्दै यसप्रकारका घटनामा कठोर कानूनी व्याख्या गरेको छ ।

यस्तै नेपाल संयुक्त राष्ट्रसंघको महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको पक्ष राष्ट्र हो । यस सन्धिले महिला र पुरुषबीचको पूर्ण समानता सुनिश्चित गर्न राज्यहरूलाई स्पष्ट दायित्व दिएको छ । बहुविवाह जस्तो लैङ्गिक असमानता झल्काउने अभ्यासलाई वैधता दिनु भनेको नेपालको अन्तर्राष्ट्रिय प्रति बद्धताको समेत उल्लङ्घन हो ।

बहुविवाहलाई वैध बनाउने सरकारको प्रस्ताव संविधानको मौलिक मर्म, वर्तमान फौजदारी कानून, सर्वोच्च अदालतका नजिर र अन्त र्राष्ट्रिय सन्धिहरूसँग गहिरो अन्तर विरोधमा छ । यसले नेपालको समावेशी, न्याययुक्त र लैङ्गिक समानताको बाटोमा अग्रसर हुन खोजिरहेको संरचनामा सामाजिक प्रतिगमन ल्याउने खतरा बोकेको छ ।

राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमा आएका परिवर्तन, महिलाले पुष्टि गरेको नेतृत्व क्षमता, कार्यकुशलता तथा समयको मागसँगै कानूनी स्थायित्वको सन्देश दिने बेला अस्थिरता, पक्षपात र राज-नीतिक स्वार्थबाट निर्देशित यस्ता कुत्सित मानसिकता भएका व्यक्ति वा समूहद्वारा राज्य सञ्चालन हुनु इतिहासकै दुर्भाग्य हो ।

बांकी ४ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२०००० \
इटहरी बारुणयन्त्र ५८०१०१ \
धरान बारुणयन्त्र ५२०१९९ \
इनरुवा बारुणयन्त्र ५६०१०१ \
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३ \
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४ \
रंगेली अस्पताल ५८००४८ \
आँखा अस्पताल ५२३७०६ \
सुरक्षा अस्पताल प्रा.लि. \
०२१-५३६९४१, ५२२८७७ \
एम्बुलेन्स ९८०२७५३७१७,


### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय \
०२१-४३५००१ \
जिल्ला प्रहरी कार्यालय \
५३०३५८, ५२३९०१,१०० \
नगर प्र.का.. बिराटनगर \
५२१८५०, ५३०३६७, ११०, \
इ.प्र.का. रंगेली \
८०१००८०१३० \
इ.प्र.का. उर्लाबारी \
०२१-५४०००२ \
सिमा प्रहरी चौकी

# कुश र लवको जन्मतिथि र जन्मस्थान

**जय प्रकाश महातो**

त्रेतायुगमा सूर्यवंशी राम र माता सीताको जुडुवा पूत्रहरु कुश र लव शास्त्र र शस्त्रमा निपुन थिए । हिन्दुधार्मिक शास्त्रमा कुश र लवको चरित्र, स्वाभाव र संस्कार आजपनि अनुकरणीय रहेको छ । सनातनधर्ममा साउने पूर्णिमाको निकै ठुलो महिमा रहेको र यस दिनलाई सबै भन्दा पवित्र उत्सव मनाउने दिवसको रुपमा चित्रण गरिन्छ । कुश र लवको जन्मको तिथिमिति र जन्म स्थानको बारेमा केही शास्त्रीय कुराहरुको चर्चा गरौं ।



लेखक : जय प्रकाश महातो

कुशलवको जन्मतिथि र नामाकरणका तथ्यहरु :

१) कुश लव जयन्ती महोत्सव भारतको जबलपुर (मध्यप्रदेश) मा कुशको श्रीमूर्ति स्थापनाको क्रममा विद्वान माहमंडलेश्वर पूज्य स्वामीज्यूले आफनो आशिवचनमा भन्नु भयो कि भगवान श्री कुश र श्री लव मर्यादा पुरुषोत्तम भगवान श्रीराम र माता सीताको जेष्ठ पुत्रको रुपमा भगवान कुश र कान्छो छोरोको रुपमा भगवान लव जन्मनु भएको हो । मर्हिष वाल्मीकिको आश्रममा श्रवाण संदी पुर्णिमाको अर्द्धरात्रीमा जन्म भएको र जन्म भएपछि एक महिना सम्म जन्मउत्सव मनाएको थियो । मर्हिष वाल्मीकि ले माता सीतालाई वन देवीको रुपमा सबैलाई परिचय गराउनु भएकोले कुश र लव वन देवीमाता सीताको पुत्रहरु भनेर चिनिथ्यो । मर्हिष वाल्मीकिले कुश र लवलाई शस्त्र र शास्त्र दुवै क्षेत्रमा निपुण गराएका थिए । कुश र लवलाई युद्ध कौशलमा सक्षम र सवल वनाउदै संस्कारको पनि मर्हिष वाल्मीकिले ज्ञान दिएका थिए । अर्थात मर्हिष वाल्मीकिले सबै प्रकारको ज्ञान र शक्ति दिएका थिए । त्यसैले वाल्यकालमा नै कुश र लवले धेरै किसिमको कल्याणकारी र स्वाभिमानी कार्यहरु गरेर देखाएका थिए । (स्रोत : पत्रिका : पेज १२, मासिक कुशवाहा समाचार : वर्ष ७, अंक ३ को सम्पादकियमा र अंक ४, सितम्बर २०१०, जबलपुर मध्यप्रदेशबाट प्रकाशित, प्रकाशन कार्यालय–१७९२, नवआर्दश कालोनी, गढा रोड, जबलपुर (म.प्र) ।

२) कुश र लवको जन्मसाउन महिनाको पूर्णिमा को दिन श्रीरामको पत्नी माता सीताको कोखबाट यमजपुत्रहरु कुश जेठो पुत्रको रुपमा र लव कान्छो पुत्रको रुपमा जन्मनु भएको कुरा रामायण सिरियलमा निर्देशक रामानन्द सागरले देखाउनु भएको छ । (स्रोत : रामायण टेलिसिरियल, निर्माता/ निर्देशक : रामानन्द सागर, उत्तर रामायण खण्ड) ।

३) महर्षि वाल्मीकिले विधिपूर्वक सीताको दुई पुत्रहरुको जातकर्म र संस्कार सम्बन्धी सबै कर्महरु कुशों र लवोंबाट विधिपूर्वक सम्पन्न गर्नु भएकोले सीत पुत्रहरुको नाम कुश र लव राखियो । (स्रोत : लवकुश चरित्र पेज २४३, सप्पादक जयदयाल गोयन्दका प्रकाशक एवं मुद्रक : गीता प्रेस, गोरखपुर अठारहवाँ, पुनर्मुद्रण) ।

४) कुश र लवको जन्म तिथिमिति र जन्म स्थान :

जन्म स्थान: चितवन जिल्ला माडी न.पा. वडा न १ बाल्मीकि आश्रम ।

जन्म तिथिमिति : श्रवाण संदी पुर्णिमाको अर्द्धरात्रीमा जन्मभएको/साउने पूर्णिमाको तिथिमा

वंश: सूर्यवंशीमाता सीता र पिता रामको सुपुत्र कुश र लव ।

यो दिवस पनि नेपाली इतिहासको महत्वपूर्ण अंश हो । भगवान कुश र लवको कृतिलाई विद्यालयहरुमा सामाजिक विषयको पाठ्यक्रम मा राखेर भावी पुस्तामा शिक्षित दिक्षित गर्नु पर्ने आवश्यकता रहेको देखिन्छ ।

कुश र लव को अर्थ :

वाल्मीकीय रामायणको उत्तरकाण्डमा कुशी-लव उल्लेख भएको पाईन्छ । वाल्मीकीय रामायणमा दशरथ नन्दनश्री रामचन्द्रको यमजपुत्रकुश-लवको अर्थ प्रस्तुत गर्दछ । तर स्वामी विद्यानन्दजी सरस्वतीले आफनो "रामायण भ्रान्तियां और समाधान"नामक पुस्तक मा टिप्पणी गर्दै स्वामी विद्यनन्दजी सरस्वतीको नजरमा कुशी-लव को अर्थ चारण" रहेको आफनो तर्क प्रस्तुत गर्न खोजेको पाईन्छ । (स्रोत : अखिल भारतीय कछवाहा (कुशवाहा) क्षत्रिय महासभाको मासिक मुखपत्र : "कछवाहा-कुशवाहा क्षत्रिय बन्धु"वर्ष ९, अंक ५–६, दिल्ली अगस्त सितम्बर १९९५, प्रधान सम्पादक यशराम सिंह "अडिग") ।

नोट : (१) "यमज"को अर्थ : एकै गर्भवाट एकै समयमा जन्मेका युगल/एकै पल्ट एउटै गर्भवाट जन्मेका जोडी वच्चा/जुम्लयाहा (२) "चारण" को अर्थ : घुमफिर गर्दै हिड्ने मानिस/ गवैया/ वेद पुराण पढने मानिस/ चारणहरु द्धारा गाईने राजा-महाराजाहरुको कीर्ति-गाथा । (३) "कुश"को अर्थ : रामका जेठा छोराको नाम (४) लव को अर्थ : रामको एक छोरा । (स्रोत : नेपाली बृहत् शव्दकोष, प्रकाशक : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, निर्देशक प्रा. बालकृष्ण पोखरेल,पाँचौं संस्करण वि.स. २०५८) ।

स्वामी विद्यानन्दजी सरस्वतीले कुश लवको बारेमा गरेको टिप्पणीलाई सकारात्मक दृष्टिले व्याख्या गर्नु पर्ने देखिन्छ । हामी सबैलाई यो विषय थाहा छ कि श्री रामचन्द्रको आदेशानुसार गर्भवति माता सीतालाई वाल्मीकि आश्रम नजिक छोडेर लक्ष्मण अयोध्या फर्किन्छ । माता सीतालाई महर्षि वाल्मीकिले आफनो आश्रममा लिएर जान्छ र केहीदिन पछि माता सीताको गर्भवाट जुम्लयाहा पुत्रहरु कुश लवको जन्म हुन्छ । महर्षिवाल्मीकि आश्रम जंगलमा भएकोले घुमफिर गर्न र खाना पकाउनको लागि दाउरा ल्याउन जंगल जानु पर्ने बाध्यता थियो । वाल्य वस्थामा वाच्चपनमा सबैले खुशी मुन्द्रामा गीत गाउने गर्छ जसलाई गवैया भनिन्छ । अनुशासन, आज्ञाकारी र ज्ञानीको प्रतिकको रुपमा रहेको कुश लवले महर्षि वाल्मीकिको आश्रममा वेद पुराणको शिक्षा ग्रहण गर्नु भयो । शस्त्र र शास्त्रमा निपुणता हासिल गरेको कुश लवको चर्चा संसारभर भईरहेको थियो । महर्षि वाल्मीकिले राजामहाराजाको कीर्ति गाथाको बारेमा पनि कुश लवलाई शिक्षा दिनु भएको थियो । जुन शिक्षालाई गीतको माध्यमवाट सबैलाई हृदय छुने गरी सुनाउनु हुन्थ्यो । यही कारण स्वामी विद्यानन्दजी सरस्वतीले आफनो पुस्तकमा कुश लवको अर्थलाई चारण भनेको हुनुपर्छ । त्यसैले स्वामी विद्यानन्दजी सरस्वतीले कुश-लवलाई चारणको रुपमा कल्पना गरेको हुनुपर्छ । एउटै शव्दको अर्थ भुगोल र भाषा संस्कृति अनुसार फरक फरक हुन्छ ।

नेपालको वाल्मीकि नगर (भैंशालोटन भन्ने ठाँउ) नारायणी र तमसानदीको संगम स्थल त्रिवेणीमा आदीकवि महर्षि वाल्मीकिले रामायाण जस्तो इतिहास लेख्नु भएको थियो । यो इतिहास विश्व कै लागि अमूल्य ग्रन्थ भएपनि नेपाल र नेपालीको लागि गौरवको विषयहो । (स्रोत : आर्य जगतको महाविभूतिहरु, लेखक मंगलकुमार नेपाल, प्रकाशक: नेपाल प्रज्ञा प्रतिष्ठान, पेज न. ४१) । त्यसैले, नेपालकोपहिलो ग्रन्थवाल्मीकि रामायण र नेपालीको पहिचानहो । लेखक : महतो भाषा संस्कृति प्रतिष्ठानको अध्यक्ष हुनुहुन्छ ।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

## अपेक्षित रुपमा उद्योग फस्टाउन नसकेको प्रति चिन्ता

विराटनग । कोशी प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर मगरले कोशी प्रदेशमा अपेक्षित रुपमा उद्योग फस्टाउन नसकेको प्रति चिन्ता व्यक्त गरेका छन् ।

सोमबार मोरङ चेम्बर अफ कमर्सको छैठौं बार्षिक साधारणसभा तथा तेश्रो अधिवेशन उद्घाटन कार्यक्रम लाई सम्बोधन गर्दै मन्त्री मगरले सो कुरा बताउनु भएको हो । उहाँले कोशी प्रदेशमा अपेक्षित रुपमा उद्योग फस्टाउन नसकेको प्रति चिन्ता व्यक्त गरेका हो ।

कोशी प्रदेशमा धेरै सम्भाव्यताहरु पर्यटनमा विश्वकै अग्लो हिमाल, जलस्रोत, उर्जा सबैमा कोशी प्रदेश १ नम्बरमा हुँदा हुँदै विरोध गनैमा समेत कोशी प्रदेश १ नम्बरमै रहेको मन्त्री मगरको भनाई छ । अन्य प्रदेशको तुलनामा कोशी प्रदेशले सबै भन्दा बढी कफी निर्यात गर्ने कोशी प्रदेश नै भएको मन्त्री मगरले दावी गरेका छन् ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले कोभिड १९ र रुस-युक्रेन युद्धका कारण विश्वव्यापी रुपमा परेको असर र संकुचित मौद्रिक नीतिका कारण समग्र अर्थतन्त्रमा नकारात्मक असर पारेको वताए ।

नेपाल उद्योग बाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले बजारको माग डरलाग्दो तरिकाले घटेको भन्दै उद्योगको उत्पादन पनि ५०-६० प्रतिशत मात्रै हुने गरेको राउतको भनाई छ । उहाँले भन्नुभयो,'सरकारले ६२ प्रतिशत मात्रै पुँजीगत खर्च गर्नु दुःखत हो ।' अध्यक्ष राउतले कोशी प्रदेशमा कृषिको सम्भावना भएकाले राज्यले लगानी बढाउनुपर्नेमा जोड दिएका थिए ।

विराटनगर महानगर पालिकाका प्रमुख नागेश कोइरालाले भारतमा पाउने समानको मुल्य र नेपालमा पाउने समानको मुल्य समायोजन नगरे सम्म जोगवानीको बजार गुलजार हुन्छ भने विराटनगरमा व्यपारै हुँदैन तसर्थ सरकारको नीति परिवर्तन गरी मुल्य समायोजन हुनुपर्नेमा जोड दिदिएका थिए ।

बार्षिक साधारणसभा कार्यक्रममा उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठी, नेपाल उद्योग परिसंघ कोशी प्रदेशका वरिष्ठ उपाध्यक्ष प्रकाश मुन्दडा लगायतले नेपाली उद्योगको विकासका लागि राज्यले प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा श्रीराम आयलका प्रदिप मुरारका, न्युरो अस्पताल विराटनगरका डा. वीरेन्द्र विष्ट, पल्स फेसन सुनसरी खनारका निमेष प्रधान, क्वालिटी रिफाईनरी उद्योगका घनश्याम कावरा, नोबेल मेडिकल कलेज विराटनगरका लोकनाथ न्यौपानेलाई सम्मान गरिएको थियो ।

## तीन जिल्लाबाट लागुऔषध सहित ६ पक्राउ

विराटनगर । मोरङ, सुनसरी र उदयपुरबाट लागू औषध सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

साउन २१ गते मोरङको इलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले पथरीशनिश्चरे-१० का २२ वर्षीय अब्राहम राई र २६ वर्षीय युकेश राईलाई ट्रामाडोल ५९ चक्की सहित र प्रहरी चौकी रमाईलोले कानेपोखरी गाउँपालिका- ६ का ३३ वर्षीय प्रेम दाहाल र २२ वर्षीय निसान माझीलाई डायक्लोमाईन र ट्रामाडोल गरी जम्मा ३४९ चक्की सहित पक्राउ गरेको थियो ।

त्यसै गरी प्रहरी चौकी पानबारी सुनसरीले धरान-६ का २७ बर्षीय चेतनाथ खड्कालाई ट्रामाडोल ९४ क्याप्सुल र डिकोलिक ९५ ट्याब्लेट सहित र प्रहरी बिट आम्बासी उदयपुरले बेलका नगरपालिका- ३ का ३५ बर्षीय शुनिल श्रेष्ठलाई ९ किलोग्राम गाँजा सहित नियन्त्रणमा लिएको छ ।

पक्राउ परेकाहरुलाई सम्बन्धित प्रहरी कार्यालय बाट थप अनुसन्धान भई रहेको छ ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

क्राईम अपरेशन

# मोरंग उद्योग व्यपार संघको महिला उद्यम समितिद्धारा तिजोत्सव



विराटनगर । नेपालीहरुको महान पर्व हरितालिका तिजको शुभ अवसरमा मोरङ उद्योग व्यापार संघको महिला उद्यम समितिद्वारा विहीवार आयोजित तिजोत्सव २०८२, शुभकामना आदान प्रदान कार्यक्रम भव्यतापूर्वक सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि विराटनगर महानगरपालिकाकी उप-मेयर शिल्पा निराला कार्कीले पनि तिजोत्सव २०८२ आयोजक र उपस्थित सबैलाई तिजको शुभकामना दिदै आफूले विगत देखि नै महिलाहरुले समानता र स्वतन्त्रताको लागि संघर्ष गर्दै आएको, संविधानमा महिलाहरुकालागि गरिएको ३३ प्रतिशतको आरक्षणाको व्यवस्थाले महिला अधिकार सुनिश्चित नहुने हुँदा त्यसलाई ५० प्रतिशत पुऱ्याउनु पर्ने तथा समानताको हक अधिकार प्राप्तिका लागि समेत महिलाहरु एकजुट भई आवाज उठाउनु पर्ने बताउनु भएको थियो ।

साथै, तिज पर्वमा महिलाहरुले भगवान् शिवजी र वहाँकी अर्धाङ्गिनी माता पार्वतीलाई आस्था एवं भक्तिका साथ पुजन गर्ने गरिएको हुँदा माता पार्वती संयमता र शक्तिको प्रतिक रहनु भएको स्मरण गराउँदै कार्कीले महिला दिदिबहिनीहरुले पनी आफुभित्र रहेको शक्तिको पहिचान गरी एक अर्काको प्रेरणा र शक्ति बन्नुपर्ने बताउनु भएको थियो ।

विशिष्ट अतिथि बुढिगंगा गाउँपालिकाकी उपाध्यक्ष अमृता गच्छदारले महिलाहरुको हक अधिकारको लागि कानून बनेतापनि व्यवहारिक रुपमा अझै पनि महिलाहरु शारीरिक, मानसिक र सामाजिक उत्पीडनमा रहेको बताउँदै आफ्नो अधिकार प्राप्तिका निम्ति आफैँले आवाज उठाउनु पर्ने, आत्मनिर्भर हुनुपर्ने र सोका लागि बुढिगंगा गाउँपालिकाले उद्यमशिलता प्रवर्द्धनका योजना तथा तालिमहरु कार्यन्वयनमा ल्याएको जानकारी गराउनु भएको थियो । साथै, विशिष्ट अतिथि, उद्योग, कृषि तथा सहकारी मन्त्रालयका उपसचिव जानुका न्यौपानेले महिलाहरुको सशक्तिकरण र आत्मनिर्भताको लागि शुभकामना दिनु हुँदै विभिन्न कार्य क्षेत्रमा आवद्ध महिला प्रतिनिधि तथा उद्यमी महिलाहरुलाई संघमा आमन्त्रण गरेकोमा आयोजक प्रति आभार व्यक्त गर्नु भएको थियो ।

साथै, विशिष्ट अतिथि नेपाल उद्योग परिसंघ, कोशी प्रदेशका उपाध्यक्ष गिरिजा सारडाले तिज शक्तिको पर्व भएको र यो पर्वमा पहिरन तथा श्रृंगारमा महिलाहरुले प्रयोग गर्ने रातो रंग तागत र शक्तिको प्रतिक भएकोले महिलाहरुले आफुमा रहेको शक्तिको पहिचान गर्नुपर्ने तथा उद्यम तथा अन्य क्षेत्रमा महिलाको सहभा- गिता, आत्मनिर्भरता, सशक्तिकरण र सामाजिक समावेशिकरण सशक्त रुपमा अघि बढ्नु पर्नेमा जोड दिनु भएको थियो ।

त्यसैगरी, विशिष्ट अतिथि जिल्ला प्रहरी कार्यालय, मोरङकी प्रहरी नायव उपरिक्षक कोपिला चुँडालले समाजमा महिला र पुरुषको सह-अस्तित्व हुनुपर्ने, महिलाहरुको सशक्ति करणको निम्ति पुरुषहरुको साथ र सहयोगको अहम भुमिका रहनु पर्ने, महिलाहरुमाथि हुने सबै प्रकारका विभेद र हिंसाको अन्त्यका लागि महिलाहरु सचेत हुनुपर्ने तथा ऐक्यबद्धताको लहरमा अगाडि बढ्नुपर्ने बताउनु भई महिलाहरुको हक र सुरक्षाको प्रवर्द्धनको लागि जिल्ला प्रहरी कार्यालय, मोरङ प्रतिवद्ध रहेको जानकारी गराउनु भएको थियो । त्यसैगरी, विशिष्ट अतिथि नेपाल पत्रकार महासंघ मोरङकी अध्यक्ष शुशिला पाठकले तिज पर्वको शुभकामना व्यक्त गर्दै समयक्रममा भएका हरेक परिवर्तन सँगसँगै महिलाका हक अधिकारका आवाज सुनिश्चि- तताका लागि आवाज उठाउनु पर्ने र महिला दिदिबहिनीहरुको आर्थिक, सामाजिक र राजनैतिक तहमा पहुँच र सहभागिता हुनुपर्नेमा जोड दिनु भएको थियो ।

संघको महिला उद्यम समितिद्वारा आयोजित उक्त तिजोत्सव २०८२ कार्यक्रमलाई समितिकी सह-संयोजक साधना झाले सहजीकरण गर्नु भएको थियो भने सचिव जीना श्रेष्ठले सो कार्यक्रमलाई संचालन गर्नु भएको थियो । तिजोत्सवमा औपचारिक सत्र पश्चात् शुभकामना आदान प्रदान, कविता वाचन, मनोरञ्जनात्मक खेल, साँगितिक र चियापान कार्यक्रमहरु समावेश गरिएका थिए भने कार्यक्रममा उल्लेख्य सहभागिता रहेका विभिन्न संघ/संस्थाका महिला समितिका प्रमुख एवं प्रतिनिधिहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायका महिला प्रतिनिधिहरु, महिला उद्यमीहरु, मोरङ उद्योग व्यापार संघ महिला परिवार लगायतका महिलाहरुले सो तिजोत्सवलाई हर्षोल्लासका साथ मनाएका थिए ।

उद्यम समितिकी संयोजक श्रुती श्रर्माले उपस्थित सबैलाई तिज पर्वको शुभकामना दिनु भई घर, समाज र देशलाई सम्मुन्नत बनाउन महिलाहरुले महत्वपूर्ण भुमिका निर्वाह गरिरहेको बताउनु भएको थियो । साथै, वहाँले महिलाहरुले शारीरिक र मानसिक स्वास्थ्यको पनि ख्याल राखी आफ्नो ईच्छा, चाहना र लक्ष्यलाई मूर्त रुप दिनुपर्ने र त्यसको लागि आत्मविश्वासका साथ एकजुट भएर आफ्नो व्यक्तिगत, व्यवसायिक, सामाजिक र राजनितिक जीवनमा योगदान दिन अघि बढ्नु पर्ने आवश्यकता रहेको औँलयाउदै कार्यक्रम सम्पन्न गरकी थिइन ।

# मोरंगमा सर्प दंशको घटनामा वृद्धि

विराटनगर । गर्मीसंगै वर्षाको मौसमसुरु भए पछि मोरंगमा सर्प दंशका घटनामा बृद्धि भएको छ । वर्षाको मौसममा भाईरल ज्वरो, झाडापखाला का बिरामीसंगै सर्प दंशका बिरामी समेत बढेर अहिले कोशी अस्पताल खचाखच भरिएको छ ।

कटहरी गाउँपालिका-२ का १७ वर्षीय अभिनास सिंह घर नजिक करेसा बारीमा आईतवार बिहान ८ बजे घुम फिर गर्ने क्रममा सर्पले डस्यो । त्यस्तै विराटनगर महानगर पालिका-१९ का ४८ वर्षीय दिपक सरदारलाई आईतवर १२ वजे खेतमा आली लगाउने क्रममा सर्पले डसेको थियो । मोरङको जहदा गाउँपालिका वडा नं: ४ जहदाका ४५ वर्षीय पुरण मुखियालाई खिरा टिप्ने क्रममा सर्पले डसेको थियो । उनी जस्तै सर्पले डसेर अस्पताल आउनेको संख्या अहिले अरु बेलाको तुलनामा बढेको छ । यता सर्पले डसेका विरामी अभिनास सिंहका अभिभावक हरिहर सिंह भन्नुहुन्छ, सर्पले डस्न वित्तिकै कोशी अस्पताल ल्याएपछि बिरामी बाँचेको वताए ।

कोशी अस्पतालमा अहिले दैनिक ७ देखि ९ जना सम्म सर्प दंशका बिरामी आउने गरेको अस्पतालको प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डाक्टर रुणा झा वताइन । उहाँले ४ महिना भित्रमा ९७ जना पुरुष र ७३ जना महिला गरी १ सय ७० जना सर्प दंशका बिरामी कोशिमा उपचार गर्न आएको जस मध्ये १६ जना निकै गम्भीर अवस्थाका थिए ।

एक जनालाई आइस्यूमा थप उपचार गराएर डिस्चार्ज गरेर घर पठाएको सुपरिटेन्डेन्ट झाले जानकारी गराईन । चैत्रदेखि असार मसान्त सम्म अस्पतालमा उपचारका लागि आएका सवै सर्प दंशका बिरामीहरु निको भएर घरफर्किसको उहाँले जानकारी दिईन ।

यस बेला सर्पहरु बढी बाहीर निस्कने भएकाले घर वरीपरी सरसफाई, राखन उहाँले सुझाव दिनुभयो। गर्मी र वर्षा यामको मौसममा सर्प दंशलगायत विभिन्न मौसमी बिरामिहरु बढने गरेकोले यो मौसममा मानिसहरुको सानो लापरबाहीले ठूलो जोखिम मोल्नु पर्ने भइकोले त्यस तर्फ सचेत हुनु पर्ने मेडिकल सुपरिटेण्डेनट ज्यानै समेत जान सक्ने भएकोले यसप्रती सबै सचेत र हुन जरुरी छ ।

# झापा र मोरंगबाट लागुऔषध सहित ७ पक्राउ

विराटनगर । झापा र मोरङबाट लागू औषध ब्राउन सुगर र प्रतिबन्धित औषधी सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

साउन २२ गते मोरङको बिराटनगर-१५ स्थितमा इलाका प्रहरी कार्यालय रानी र लागू औषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले शंकास्पद अवस्थामा रहेका भारत अररिया फारबिसगंजका ३५ बर्षीय सिकंदर बाखत र सरफराज लाई १ सय ४१ ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

झापाको इलाका प्रहरी कार्यालय दमकले ३ ग्राम ३२० मिलिग्राम ब्राउन सुगर सहित दमक नगरपालिका-४ कि २६ बर्षीया ज्योती राई तामाङ, कमल गाउँपालिका- ५ का २७ बर्षीय संजिब लिम्बु, वसन्त राई र कमल गाउँपालिका- ४ का सन्दिप धिमाललाई पक्राउ गरेको थियो ।

यसै गरी विषेश सूचनाको आधारमा इलाका प्रहरी कार्यालय अनारमनी र लागू औषध नियन्त्रण ब्युरो काँकडभिट्टाबाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपालिका- ५ का ४६ बर्षीय राजेन्द्र पंथाकलाई उनले घरमा लुकाई छिपाई राखेको ट्रामाडोल २० हजार क्याप्सुल सहित नियन्त्रणमा लिएको छ ।

लागू औषध सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ ।






# मौन एक गहिरो भाषा



लेखक : नीता बिम्ब

मौन, जसलाइ ( Language of Silence) अर्थात् मौनताको भाषा भनिन्छ, त्यो यस्तो संवाद हो जसमा शब्दहरूको प्रयोग हुँदैन, तर भावना, विचार, इच्छा र अनुभूति प्रकट हुन्छन्। यो सूक्ष्म, गहिरो र ठोस भाषा हो-जुन प्रायः आत्मसंवाद, आध्यात्मिक चिन्तन, ध्यान, साधना र गहिरा भावनात्मक सम्बन्धहरूमा उपयोग गरिन्छ।

मौन यस्तो शक्ति हो जसले बोल्नु अघि नै बुझाउँछ। यो एक मौन संवाद हो, जसमा न त कुनै स्वर हुन्छ, न त आवाज-तर यसको प्रभाव शब्दभन्दा गहिरो हुन्छ। यो वादविवाद भन्दा परको अवस्था हो-जहाँ मनको हलचल शान्त हुन्छ र आत्मा बोल्न थाल्छ।

तत्वदर्शी, योगी, साधक, तथा अध्यात्मिक यात्रामा रहेका अनुयायीहरूका लागि मौन अन्तर्मनको यात्रा हो। मौन आत्माको भाषा हो-आत्माको उत्कृष्ट अभिव्यक्ति। संसारमा प्रत्येक व्यक्तिको पहिचान उसको वाणी र व्यवहारले गरिन्छ, तर कहिलेकाहीँ मौन नै उसको सबैभन्दा बलियो परिभाषा हुन्छ।

मौनमा कहिले बेवसी हुन्छ, कहिले स्वीकृति। कहिले विश्वास हुन्छ, त कहिले रिसको सहनशक्ति। मौनमा भक्ति पनि हुन्छ, शक्ति पनि। मौनता आफैंमा भाषाको शक्तिशाली स्वरूप हो-जसले समवेदना, भावना, शरीरको मुद्रा, हातको इशारा, आँखाको सम्पर्क मार्फत धेरै कुरा व्यक्त गर्छ।

मौनले धेरै कुरा आफैंभित्र समेटेको हुन्छ। समुद्रको मौन लहरभित्र प्रलय लुकेको हुन्छ, बर्खाको थोपामा खोला लुकेको हुन्छ। बिउको मौनताभित्र विशाल रूख लुकेको हुन्छ, चलिरहेको हावामा आँधी लुकेको हुन्छ। मुस्कानको मौनताभित्र पीडा लुकेको हुन्छ।

शिवको मौनमा संहारको शक्ति लुकेको हुन्छ, गौतम बुद्धको मौनमा ज्ञानको उदय लुकेको हुन्छ। पृथ्वीको मौन धैर्यमा सृजनाको शक्ति छ। त्यसैले मौन केवल मौन होइन, परिवर्तनको भाषा पनि हो। यो मौन शान्तिको आशा हो-तर जब मौन टुट्छ, त्यसले कहिले काँही प्रलय ल्याउन सक्छ।

मौन आफैंमा एक परिभाषा हो - एक दर्शन हो। बोल्नु सधैं आवश्यक हुँदैन, कहिलेकाहीँ मौन नै सबैभन्दा बुलन्द आवाज बन्न सक्छ।

# मोरंग उद्योग व्यापार संघद्धारा सात दिने तालम



विराटनगर। मोरङ उद्योग व्यापार संघको उर्जा समिति द्वारा आयोजित इन्ड्रिसटेरिय अटोमेशन पावर कन्ट्रोल सम्बन्धी सात दिने तालपम सफलता पुर्वक सम्पन्न भएको छ।

श्रावण १४ गते देखि २० गते सम्म संघको समृद्धि हलमा संचालित उक्त तालिम मा विभिन्न उद्योगहरुका विद्युत प्राविधिक तथा इलेक्ट्रिसियन हरुलाई आधुनिक औद्योगिक विद्युत प्रणाली, विद्युत सुरक्षाका उपायहरु र उर्जा दक्षता सम्बन्धी विषयहरुमा सैद्धान्तिक र व्यवहारिक सीपहरु प्रशिक्षण गराइएको थियो।

सोहीक्रममा संघका महासचिव संजय कुमार श्रेष्ठले तालिमबाट प्रदत्तित सिपहरु उद्योगहरुका लागि लाभदायक रहेको र प्रशिक्षार्थीहरुले ती सिपहरु आफू कार्यरत उद्योगमा कार्यान्वयनमा ल्याई विद्यूत सम्बन्धी थप सुरक्षित र आधुनिक सेवाहरु प्रदानगर्न सक्ने बताउँदै सोका लागि सहभागी प्रशिक्षार्थीहरुलाई शुभकामना दिएका थिए।

साथै, संघका कार्य कारिणी सदस्य तथा संघको उर्जा समितिका संयोजक शुशिल सुरानाले तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई बधाई तथा शुभकामना दिँदै आगामी दिनहरुमा समेत संघबाट त्यस प्रकारका प्रयोगात्मक तथा उपयोगी तालिमहरुलाई निरन्तरता दिइने प्रतिवद्धता जाहेर गर्नु भएको थियो।

त्यसैगरी, तालिमका सहजकर्ता शंकर कामतले संघले आफूलाई मोरङ-सुनसरी औद्योगिक कोरिडोर मा कार्यरत विद्युत प्राविधिक तथा इलेक्ट्रिसियन हरुलाई आधुनिक औद्योगिक विद्युत प्रणालीसँग सम्बन्धित विद्युत सुरक्षा लगायत अत्यावश्यक विषयहरुको प्रशिक्षण दिने अवसर प्रदान गरेकोमा संघ प्रतिआभार प्रकट गर्नु भएको थियो। साथै, वहाँले आगामी दिनमा समेत त्यस्ता महत्वपूर्ण विषयहरुको तालिमको आवश्यकता रहने बताउनु भई त्यस्ता तालिमहरुलाई निरन्तरता दिन संघलाई आग्रह गर्नुभएको थियो।

त्यसैगरी, तालिममा सहभागी प्रशिक्षार्थीहरुमध्ये एशियन विस्कुट एण्ड कन्फेक्सनरी उद्योगका प्राविधिक बलरामकुमार साहले आफुले तालिमबाट प्राप्तगरेका सिपहरु उद्योगको विद्यूत व्यवस्थापनका लागि अत्यन्त उपयोगी र प्रभावकारी रहेको बताउँदै आगामी दिनमा समेत संघबाट संचालन गरिने त्यस प्रकारका तालिमहरुमा आफू सहभागीहुन इच्छुक रहेको बताउनु भएको थियो।

मोरङ-सुनसरी औद्योगिक कोरिडोरका विभिन्न उद्योगका विद्युत प्राविधिक तथा इलेक्ट्रिसियनहरुको उल्लेख्य सहभागिता रहेको उक्त तालिममा संघले प्रशिक्षक र प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र समेत वितरण गरेको थियो।

तालिमको समापन कार्यक्रमलाई सभापतित्व गर्दै मोरङ उद्योग व्यापार संघका वरिष्ठ उपाध्यक्ष अनिल कुमार साहले संघले आफ्नो मुलभूत उद्देश्य बमोजिम उद्योग/ व्यवसाय क्षेत्रको विकास तथा आधुनिकि करणका निम्ति आवश्यक पर्ने विविध विषयका तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गर्दै आएको बताउनु भई आगामी दिनमा समेत संघले त्यस्ता कार्यलाई निरन्तरता दिने प्रतिवद्धता जानाएका थिए।

## बहुविवाहलाई...

**महिला सशक्तीकरण माथिको आक्रमण**

बहुविवाहलाई कानूनी वैधता दिने प्रस्ताव ल्याउने तयारीले देशभर तीव्र बहस जन्माएको छ। यो प्रस्ताव केवल कानूनी व्यवस्था परिवर्तनको विषय मात्र होइन, यो महिला सशक्तीकरण माथिको प्रत्यक्ष आक्रमण हो। यस्ता प्रस्तावहरू समाजमा गहिरो रूपमा गाडिएको पितृसत्तात्मक सोचको प्रतिविम्ब हुन्, जसले महिलालाई स्वतन्त्र र समान अधिकारप्राप्त नागरिकका रूपमा होइन, एक पुरुषको स्वामित्वको वस्तुका रूपमा हेर्ने दृष्टिकोणलाई बल दिन्छ।

सशक्तीकरण केवल कानूनमा महिलाको नाम लेख्ने कुरा होइन। यो आर्थिक, सामाजिक, राजनीतिक र वैयक्तिक स्वतन्त्रताको बृहत् प्रक्रिया हो। महिलालाई निर्णय लिने अधिकार, आत्मसम्मान, समान व्यवहार र सुरक्षित जीवन दिने यात्राको नाम हो। यदि एक पुरुषलाई एकभन्दा बढी पत्नी राख्न कानूनी छुट दिइन्छ भने, त्यो महिलाको आत्मगौरव, सुरक्षाबोध र विवाह सम्बन्धी स्वतन्त्रतामाथि गम्भीर प्रहार हो।

विगत दुई दशकमा नेपालमा महिलाले हरेक क्षेत्रमा ऐतिहासिक प्रगति गर्दै आएका छन्। महिलाहरू गाउँदेखि संसद्सम्मको नेतृत्वमा पुगेका छन्। उनीहरू आर्थिक रूपमा आत्मनिर्भर बन्न थालेका छन्। सामाजिक मुद्दामा आवाज उठाउन थालेका छन्।

परिवारदेखि राज्यको निर्णय प्रक्रियामा भाग लिने हैसियत बनाउँदै छन्। यस्तो संवेदनशील घडीमा बहुविवाहलाई कानूनी रूपमा मान्यता दिनु भनेको **महिलालाई पुनः 'दोस्रो' हैसियतमा फर्काउने प्रयास हो।**

कानूनी रूपमा बहुपत्नीको ढोका खोल्नु भनेको महिलालाई फेरि पनि परनिर्भर र सामाजिक रूपमा कमजोर बनाउने प्रयास हो। महिला सशक्तीकरणमाथि गरिएको प्रत्यक्ष, गहिरो र खतरनाक आक्रमण हो।

सशक्तीकरण केवल भौतिक सुविधाले मापन हुने विषय मात्र होइन। यो मानसिक सुरक्षासँग पनि जोडिएको हुन्छ। बहुविवाहको वैधता महिलामा असुरक्षा, ईर्ष्या, तनाव र आत्महीनता जन्माउने मुख्य तत्व हो।

कानूनी रूपमा बहुपत्नीको ढोका खोल्नु भनेको महिलालाई फेरि पनि परनिर्भर र सामाजिक रूपमा कमजोर बनाउने प्रयास हो। महिला सशक्तीकरणमाथि गरिएको प्रत्यक्ष, गहिरो र खतरनाक आक्रमण हो।

बहुविवाहले महिलालाई आफ्नो जीवनसाथीको आधिकारिक रूपमै 'साझेदार' बनाउँछ। जुन कुनै पनि महिलाले जुनसुकै परिस्थितिमा गर्न त के सोच्न पनि नसक्ने विषय हो। यसले महिलाको निर्णय अधिकार, सम्मानजनक सम्बन्धको आकांक्षा र पारिवारिक सुरक्षाको भावना भत्काउँछ। बा-आमा बीचको अस्वस्थ सम्बन्ध, असमान व्यवहार र पारिवारिक विघटनले बालबालिकाको मनोविज्ञानमा पनि नकारात्मक असर पारेको हुन्छ।

बहुविवाहलाई कानूनी मान्यता दिंदा समाजमा सम्बन्धहरूलाई सामान्यीकरण गरिन्छ। फलस्वरूप विवाहको गरिमा, प्रति बद्धता र दायित्वबोध कमजोर हुन जान्छ र यसले अनैतिक सम्बन्ध, विवाह विच्छेद र सामाजिक विघटनको दर बढाउँछ।

साथै यसले आयस्रोत भन्दा बढी दायित्व सिर्जना गर्न सक्छ, जसले पारिवारिक गरिबी निम्त्याउँछ। सम्पत्ति बाँडफाँडमा अन्याय र विवाद बढाउँछ। महिला-महिला बीच टकराव र द्वन्द्वको स्थिति सिर्जना हुन्छ।

एउटै पुरुषसँग दुई वा बढी महिलाहरू विवाह बन्धनमा बाँधिंदा प्रतिस्पर्धा, असहिष्णुता, असुरक्षा र तनावपूर्ण वातावरण बन्छ। यो द्वन्द्वले महिलामाथिको मानसिक हिंसा र शोषणलाई थप गहिरो बनाउनेछ, जसको प्रत्यक्ष असर पारिवारिक तथा सामाजिक स्थायित्वमा पर्नेछ। यस्तो गम्भीर विषयलाई कानूनी मान्यता दिनु भनेको सामाजिक अन्याय, पारिवारिक विघटन, महिला-बाल बालिकाको मानसिक क्षति र सामाजिक अस्थिरता निम्त्याउनु हो।

यो प्रस्ताव ल्याउनुका पछाडि परिवर्तनलाई आत्मसात् गर्न नसक्ने, सामाजिक प्रतिगमनकारी तथा व्यवस्थाविरोधी शक्तिको चतुर र खतरनाक चाल देखिन्छ। जसलाई महिला नेतृत्वमा आएको, क्षमताले खाएको र लाएको मन परेको छैन।

यो महिला तथा बालबालिकाको अधिकार संरक्षणका नाममा गरिएको एक(पुरुष) पक्षीय मनोमानी हो, जहाँ पुरुषको इच्छा 'अधिकार' र महिलाको अधिकार 'सम्झौता' मा परिणत हुन्छ। के स्वतन्त्रता केवल पुरुषको लागि हो ?

के महिलाको भावना, निर्णय र विवाहप्रतिको अवधारणालाई स्वतन्त्रताभित्र समेट्न जरूरी छैन ? यसको उत्तर स्पष्ट छ- यो प्रस्तावको आधारमा गरिएको 'स्वतन्त्रता' को तर्क एकपक्षीय, भेदभावपूर्ण र पितृसत्तामूलक मानसिकताको उपज हो।

यो प्रस्ताव स्वतन्त्रताका नाममा ल्याइए पनि यसको गहिराइ हेर्दा यो पितृसत्ताको कानूनी पुनःस्थापना हो। स्वतन्त्रताको नाममा गरिएको यस्तो प्रस्तावले महिलाको आवाज, अस्मिता र अस्तित्वमाथि धावा बोल्छ।

यो स्वतन्त्रताको बहानामा गरिएको गम्भीर सामाजिक अन्याय र लैङ्गिक असमानतालाई वैधानिकता दिन खोजिएको चलाखी हो। पितृसत्तात्मक सोचलाई कानूनी जामा लगाउने प्रयास हो। पितृसत्ताको विरासत जोगाउन गरिएको विचलित मानसिकताको परिणाम हो।

विभिन्न बहानामा महिलाको भावना, शरीर र अस्तित्वसँग रसरंग बनाइरहेका 'पुरुष' को चाल र चलाखीलाई समयमै चिनेर खबरदारी, बहस सिर्जना गर्नु न्याय र समानता चाहने सबैको जिम्मेवारी हो। अब यस्ता दूषित र कुत्सित मानसिकता भएकाहरूबाट शासित हुने गल्ती नगरौं।

परिवर्तनविरोधी, सामाजिक प्रतिगमनकारी विरुद्ध आवाज बुलन्द पारौं। महिलाको अधिकार खोसेर, सामाजिक असमानता फैलाएर र कानूनी स्थायित्व भत्काएर गरिने कुनै पनि निर्णय दीर्घकालीन रूपमा समाज र राष्ट्रको हितमा हुने छैनन्। अनलाईन खबरबाट

